# तुलसीपुर उपमहानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७

नगर कार्यपालिकाबाट पारित मिति : २०७७/१०/०४

प्रमाणिकरण मिति : २०७७/१०/२५

**प्रस्तावना :** सहकारी संस्था सम्बन्धी प्रचलित सहकारी कानून, सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तहरुको अनुशरण गर्दै सहकारी क्षेत्रले देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भूमिका निर्वाह गर्न सक्षम बन्न सकुन् भन्ने उद्देश्यले तुलसीपुर उपमहानगरपालिका सहकारी ऐन, २०७४ (पहिलो संशोधित सहित) तथा बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ बमोजिम तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको ९७ औ बैठकले यो मापदण्ड बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१) यो मापदण्डको नाम "सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ रहेको छ ।

२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि सहकारी संस्थाको लागि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "ऐन" भन्नाले तुलसीपुर उपमहानगरपालिका सहकारी ऐन, २०७४ (पहिलो संशोधन सहित) लाई जनाउनेछ ।

ख) "नियमावली " भन्नाले सहकारी नियमावली, २०७५ लाई जनाउनेछ ।

ग) "मापदण्ड" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ लाई जनाउनेछ ।

घ) "विनियम" भन्नाले सम्बन्धीत सहकारी संस्थाको विनियमलाई जनाउनेछ ।

ङ) "संघ" भन्नाले सहकारी संस्थाहरुको छाता सँगठनहरु (जिल्ला सहकारी संघ, प्रदेश सहकारी



घनश्याम पाण्डे
प्रमुख

संघ, विषयगत जिल्ला सहकारी संघहरु, विषयगत प्रदेश सहकारी संघहरु, विषयगत केन्द्रिय सहकारी संघ र राष्ट्रिय सहकारी महासंघ) समेतलाई जनाउनेछ ।

च) "बिशिष्टिकृत सहकारी संघ" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन २०७४ को दफा (३) को उपदफा (६) बमोजिम गठित सहकारी संघलाई जनाउनेछ ।

छ) "संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ ।

ज) "साधारण सभा" भन्नाले संस्थाको नियमित बार्षिक साधारण सभालाई जनाउनेछ ।

झ) "समिति" भन्नाले सहकारी संस्थाको संचालक समितिलाई जनाउनेछ ।

ञ) "सदस्य" भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक व्यक्तिलाई जनाउनेछ ।

ट) "व्यावसायिक इकाई" भन्नाले सहकारी संस्थाहरु एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाको व्यावसायिक इकाइलाई जनाउनेछ ।

ठ) "पूँजी कोष" भन्नाले सहकारी संस्थाको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनुपर्दछ र सो शब्दले उपमहानगरले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

ड) "प्राथमिक पूँजीकोष" भन्नाले संस्थाको सेयर, पूँजी र जगेडा कोषको रकमलाई जनाउनेछ ।

ढ) "पुरक पूँजी कोष" भन्नाले सहकारी संघ/संस्थाको कोषमा बाँडफाँड गरी खर्च नभएको रकमलाई जनाउनेछ ।

ण) "कार्यविधि" भन्नाले सहकारी संस्थाको कार्यविधि वा यस भन्दा पहिले प्रयोगमा ल्याइएको नीतिलाई समेत जनाउनेछ ।

त) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्थालाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

थ) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेको बाबु, आमा, भाई, दिदी, बहिनी, पति पत्नी, छोरी वुहारी, धर्मपुत्र, धर्मपुत्रीलाई जनाउनेछ । सो शब्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजको आश्रित व्यक्ति समेतलाई जनाउनेछ ।

द) "शेयर पूजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजीलाई जनाउनेछ ।

ध) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्थाका सदस्यहरुले नियमित वा आवधिक



घनश्याम पाण्डे
प्रमुख

वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ। यस शब्दले सदस्यहरुको नाबालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकम समेतलाई जनाउनेछ।

### ३.विवरण पेश गर्ने सम्बन्धी मापदण्डः

१) संस्थाले आफ्नो कारोवारको मासिक प्रगती विवरण महिना भुक्तान भएको मितिले सात दिनभित्र तुलसीपुर उपमहानगरपालिका सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा पेश गर्नुपर्नेछ।

२) संस्थाको साधारणसभा बस्ने मिति, समय स्थान र छलफलका विषयहरु खुलेको जानकारी साधारणसभा हुनुभन्दा पन्ध्र दिन पहिले तुलसीपुर उपमहानगरपालिका सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा दिनुपर्नेछ।

३) संस्थाको साधारणसभा सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र साधारणसभाको उपस्थिति सहितको निर्णय प्रतिलिपिहरु र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि तुलसीपुर उपमहानगरपालिका सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा पेश गर्नुपर्नेछ।

४) वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुले प्रत्येक महिना अनुसूची ३ मा उल्लेखित विवरणहरुको छुट्टा छुट्टै अनुसूचीसमेत तयार गरी पेश गर्नुपर्नेछ।

५) वित्तीय कारोवार नगर्ने सहकारी संस्थाहरुले प्रत्येक महिना अनुसूची-३ को अतिरिक्त सामान खरिद तथा बिक्रिको छुट्टै विवरण तयार गरी मासिक प्रगती विवरण पेश गर्नुपर्नेछ।

६) निर्धारित समयमा विवरण दाखिला नगर्ने सहकारी संस्थाहरुलाई पटकै पिच्छे ५००।-(पाँचसय रुपैया) जरिवाना गरिने छ।

### ४.शेयर पूँजी सम्बन्धी मापदण्ड :

१) संस्थाले जारी गर्ने कूल सेयर पूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नुपर्नेछ।

२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पूँजी उल्लेख गर्नु पर्नेछ।

३) संस्था दर्ताको बेला चुक्ता सेयर पूँजीको रकम कूल सेयर पूँजीको कम्तीमा २० प्रतिशत हुनुपर्नेछ।

४) तत्काल बस्ने साधारणसभाबाट अनुमोदन हुने गरी समितिको निर्णयले संस्थाको सेयर पूँजी बृद्धि गर्न सकिनेछ। शेयर पूँजी बृद्धिको निर्णयको जानकारी सम्बन्धित कार्यालयमा गराउनुपर्नेछ।



...राम पाण्डे
प्रमुख

## ५.शेयर खरिद र अन्य सहकारीमा लगानी

१) एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्न वा सो संग बचत तथा ऋणको कारोवार गर्न पाउने छैनन् ।

२) यो मापदण्ड जारी हुनु अघि गरिएको अन्य निजी व्यावसाय वा कम्पनी वा फर्ममा गरीएको लगानी प्रचलित सहकारी कानूनले तोकेको समय भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ । यो मापदण्ड जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापरिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन । यस मापदण्ड विपरित गरीएको शेयर तथा ऋण लगानी सञ्चालकहरुबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ ।

३) आफु सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी वैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन । विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ ।

## ६.सञ्चालक र लेखा समितिको गठन

१) एकै परिवारबाट एक भन्दा बढी व्यक्ति संस्थाको सञ्चालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उमेदवार हुन पाउने छैन ।

२) संस्थाहरुमा सचिवालय गठन गर्न पाइने छैन ।

३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु पर्ने अन्य रकम नबुभाए सम्म र वैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका व्यक्ति, सञ्चालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

४) सञ्चालक समितिले आफ्नो पदावधि समाप्त हुनु अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

५) कुनै पनि व्यक्ति तुलसीपुर उपमहानगरपालिका भित्रका एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैन । उजुरीका आधारमा तुलसीपुर उपमहानगरपालिकाले दोहोरो सदस्यता खारेज गर्न निर्देशन गर्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

६) संस्थाको सञ्चालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालो सूचीमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिला नगरेको र आफू सोही प्रकृतिको अन्य संस्थाको शेयर सदस्य तथा अन्य संस्थाको सञ्चालक वा लेखा समितिको पदाधिकारी नरहेको मनोनयन पत्रमा उल्लेख गर्नुपर्नेछ ।

७) संस्थाको विनियममा सञ्चालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरुका बिचमा विभेद हुने गरी कुनै प्रावधान राख्न पाइने छैन । तर यस व्यवस्थाबाट पछाडी परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरीएको विशेष व्यस्था अन्तर्गतका पदहरुमा सोहि लिंग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

८) एक व्यक्ति समानस्तरको कुनै एक संस्थाको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन् ।

९) कर्मचारीको सहभागितामा कर्मचारीहरु मात्र सदस्य हुने पाउने गरी सञ्चालनमा रहेका संस्था बाहेक अन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरु उमेदवार हुन पाउने छैनन् । तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट सञ्चालक समितिमा पदेन सञ्चालकको भुमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै बाधा पुग्ने छैन ।

**७.सञ्चालक समितिको काम तथा कर्तव्य :** विनियममा गरीएको व्यवस्था अर्न्तगत वा वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ ।

१) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा सञ्चालकहरुको हुनेछ । तर बरबुझारथ नगरेको अवस्थासम्म संस्थाको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो सञ्चालकहरुले समेत वहन गर्नु पर्नेछ ।

२) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले साधारणसभाको स्वीकृत गरेको वचत था ऋण कार्यविधिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरेदेखि बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र सञ्चालक समितिले ऋण लगानी गर्नुपर्नेछ । ऋण प्रवाहमा प्रकृयागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राविधिक रुपले सिफारिस गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नुपर्नेछ ।

३) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्थाका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन

र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरीकताको प्रमाणित प्रतिलिपि तुलसीपुर उपमहानगरपालिका नगर कार्यापालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

४) प्रारम्भिक संस्थाको सञ्चालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संघ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा सञ्चालकहरु जिम्मेवार हुनेछन् ।

५) सञ्चालक र प्रमुख व्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था प्रचलित सहकारी कानून बमोजिम साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुविधा प्रचलन वा संस्थाको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

६) समयमै लेखा परिक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व सञ्चालक समितिको हुनेछ । पदावधि समाप्त हुनुभन्दा कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यस्था मिलाउनुपर्ने कामको दायित्व समितिको हुनेछ ।

## ८.लेखा सुपरिवेक्षण समितिको गठन र दायित्व :

१) संस्थाको लेखा सुपरिवेक्षण समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ । पदावधि समाप्त हुनुभन्दा कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने दायित्व समितिको हुनेछ ।

२) लेखा सुपरिवेक्षण समितिको गठन शेयर सदस्यहरुले निर्वाचनबाट गर्नेछन् ।

३) संस्थाको अध्यक्ष र प्रमुख व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृतसँग एकाघरको नाता सम्बन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीले अध्यक्षसंग आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

४) प्रत्येक संस्थाको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारणसभा र सोको एक प्रति तुलसीपुर उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

क) ब्यवस्थापन परीक्षण (खास गरी कर्मचारीको व्यस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ।

ख) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।

ग) सञ्चालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता ।

घ) वित्तीय कारोवार गर्ने संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।

घनश्याम पाण्डे
प्रमुख

ङ) शेयर सदस्यहरुलाई नियमानुसार दिइएको मुनाफा र अन्य थप सुविधाहरु ।

च) कार्यालय, प्रदेश, विभाग वा सम्बन्धीत संघहरुको अनुगमन निरीक्षण गर्दा देखाइएको कैफियत र सुझावहरु कार्यान्वयनको अवस्था ।

छ) संस्थाको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्बन्धी विवरण ।

ज) कर्मचारी भर्ना प्रक्रिया ।

झ) लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु ।

५) लेखा सुपरिवेक्षण समितिले मासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

६) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । सञ्चालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

७) लेखा समितिको प्रतिवेदनहरु लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ।

८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुख मार्फत समितिमा पेश गर्नुपर्नेछ ।

९) प्राप्त प्रतिवेदन वारे सञ्चालक समितिलाई स्पष्ट पार्न सञ्चालक समितिको वैठकमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नुपर्नेछ ।

१०) अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाइएमा वा सदस्यहरुले दिवेदन दिएमा तु.उ.म.न.पा.को प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा सुपरिवेक्षण समिति गठनका लागि विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ ।

## ९.साधारण सभा :

१) साधारणसभा सम्पन्न भएको १५ दिन भित्र सम्बन्धित संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा तुलसीपुर उपमहानगरपालिकामा पेश गर्नुपर्ने छ ।

२) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरु पुरा गर्नु संस्थाको कर्तव्य हुनेछ ।

घनश्याम पाण्डे
प्रमुख

क) साधारणसभा बस्ने सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

ख) विशेष साधारण सभाको सूचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

ग) सूचनाका लागि सबै सदस्यले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ ।

घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्बन्धित कार्यालयलाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ ।

ङ) सूचनामा सभा बस्ने स्थान, मिति, समय र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ ।

च) नयाँ सञ्चालक समिति र लेखा सुपरिबेक्षण समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नुपर्ने भए निर्वाचन सम्बन्धी कार्याक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ ।

छ) सभा बस्ने स्थान संस्थाको कार्यक्षेत्र भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ ।

ज) साधारण सभा सञ्चालन भड्किलो र खर्चिलो रुपमा गरेका पाइएमा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयले सचेत गराउन सक्नेछ । सभामा गरीने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने सार्थ खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

३) निर्वाचन कार्यक्रमको पर्यवेक्षणका लागि उपमहानगरपालिकाको कार्यालयले पर्यवेक्षक खटाउन सक्नेछ ।

## १०.निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा :

१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सिमित गर्नुपर्नेछ ।

२) संकलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

३) सहकारी संस्थाले आफ्नो सदस्यसँग निक्षेप संकलन गर्दा प्राथमिक पूँजी कोषको बढीमा पन्ध्र गुणासम्म मात्र संकलन गर्न सक्नेछ ।

## ११.व्याजदर सम्बन्धी व्यवस्था :

१) संस्थाले वचत निक्षेपमा प्रदान गर्ने ब्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण सन्दर्भ व्याजदरको आधारमा गर्नुपर्नेछ । सहकारी संस्थाहरुले गरेको व्याजदर निर्धारण सन्दर्भ ब्याजदर प्रतिकुल भएको पाइएमा सहकारी ऐन, नियमानुसार कारवाही गरीनेछ ।

२) संस्थाले कर्जा र निक्षेपको ब्याजदर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाइने छैन । लिने र दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुऱ्याइएको रकम सञ्चालकहरुबाट असूल उपर गरीनेछ ।

३) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्न सकिनेछ ।

४) कर्जामा समदर तथा चक्रवृद्धि ब्याज लगाउन पाइने छैन ।

५) विभिन्न किसिमका बचतमा दिइने व्याजदर र ऋणमा लिने ब्याजदर साधारण सभाले स्वीकृत गरेको बचत तथा ऋण नीति अनुसार हुनेछ ।

## १२.निक्षेप संकलन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नुपर्ने :

१) संस्थाको सञ्चालक समितिले वचत निक्षेप, ऋण लगानी, व्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त, प्रक्रिया तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

२) संस्थाले निर्धारण गरेको व्याजदरको विवरण समय समयमा वा कर्यालयले माग गरेको समयमा पेश गर्नु पर्नेछ । संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सूँचना पाटीमा टाँस गर्नुपर्नेछ ।

## १३.लेखा राख्ने प्रणाली :

लेखाका सादस्यहरु वीच लाभाँश वितरणको प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोवारको लेखा राख्नुपर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याजमा हिसावमा खर्च लेखि व्याज मुल्तवी हिसावमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

## १४.ऋण लगनीका प्रक्रिया तथा सिमाहरु :

१) संस्थाले प्रत्येक सदस्यलाई संस्थाको प्राथमिक कूल पूँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्न ऋण लगानीको उद्देश्य खुलाउनु पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

३) सामान्यतया कुनै सदस्यले लिएको ऋणको साँवा र व्याजको भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन । विशेष परिस्थितिको कारण खुलाई सञ्चालक समितिको निर्णयले ऋण सम्झौता पुनरावलोकन गरी वा अल्पकालीन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ । स्पष्टिकरण : यस दफाको प्रयोजनका लागि प्राथमिक कूल पूँजीकोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बाँडफाँड नगरेको लाभाँश, कर्जा जोखिम व्यवस्था, स्थिरीकरण कोष र घाटापूर्ति कोषको रकमलाई जनाउनेछ ।

४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने छ । तर संस्थाले जेथा नमानी नभएका सदस्यलाई कुनै वा केहि सदस्यहरुको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत कार्यविधि बमोजिम बिना धितो लघु ऋण लगानी गर्न वाधा पर्ने छैन ।

५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्यांकन प्रकृया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नुपर्नेछ ।

६) संस्थाको जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जेथा धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

७) संस्थाबाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश ऋणी सदस्यको स्व पूँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाई घर जग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्थाले कुल ऋण लगानीको २५ प्रतिशतमा नबढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

८) नेपाल राष्ट्र बैंकबाट सीमित बैकिंग कारोवार गर्ने स्विकृति लिएका संस्थाहरुको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैंकले तोके बमोजिम शर्त पालना गर्न यस मापदण्डले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

९) रु १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकनकर्ताबाट र अन्यमा कुनै एक सञ्चालक, ऋण उप समितिका सदस्य र व्यवस्थापकको सामुहिक टोलीले मूल्यांकन गर्नु पर्नेछ ।

१०) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।

११) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थाको नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

घनश्याम पाण्डे
प्रमुख

१२) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नेछ । ब्याज पूँजीकरण गर्न पाइने छैन ।

१३) धितो वापतको सम्पत्ति संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । सञ्चालक वा अन्य कुनै व्यक्तिको नाममा राख्न पाइने छैन ।

## १५.समितिका सदस्यले ऋण लिंदा पालना गर्नु पर्ने मापदण्ड :

१) संस्थाका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अवधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

२) संस्थाको सञ्चालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण वार्षिक रुपमा नगर कार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

## १६.पेश्की लिन नपाइने :

१) संस्थाका सञ्चालक, व्यवस्थापक र लेखा समितिका पदाधिकारीलाई काम र पेश्की फछ्यौटको समय सीमा नतोकी पेश्की दिन पाइने छैन ।

२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम ब्याजसहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

## १७.तरलता सम्बन्धी व्यवस्था :

१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मोज्दात, सरकारी ऋण पत्रमा गरीएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको गणना गरीनेछ ।

२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

**१८.ऋणको वर्गीकरण :** संस्थाले आफ्नो सदस्यलाई ऋण लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट सिमित बैकिंग कारोवार गर्नेको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार र अन्य संस्थाहरुको हकमा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यस्था गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| १ असल ऋण: | भाखा ननाघेको | १ प्रतिशत |
| २ शंकास्पद ऋण: | १ बर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |

३. खराव ऋण : १ बर्ष भन्दा बढी भाखा नाघेको १०० प्रतिशत

**१९. संरक्षित पूँजी फिर्ता कोष :**

१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमूलक सहकारी संस्थाको हकमा संस्थासँग गरेको खरिद तथा विक्रि कारोवार र शेयर लगानीका अतिरिक्त अन्य कारोबार भए सो समेत जोडी औषत रकम निकाली गणना गर्नु पर्नेछ ।

**२०. लाभाँश वितरणमा प्रतिवन्ध :** सहकारी संस्थाले संस्थाको अघिल्लो बर्ष सम्मको खुद सञ्चित नोक्सान पुरा नभएसम्म सदस्यहरुलाई लाभाँस वाड्न पाइने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरुलाई लाभाँस बाँड्न पाइने छैन ।

**२१. निष्कृय संस्थाः**

१) लगातार २ (दुई) वर्षदेखि वार्षिक साधारण सभा नगर्ने सहकारी संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था नगरकार्यपालिका कार्यालयले मिलाउने छ ।

२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र विभागले जारी गरेको निर्देशन एवंम् मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संस्थाहरुलाई नेपाल सरकारबाट उपलब्ध गराइने सेवा सुबिधाहरु उपलब्ध गराइने छैन ।

३) दुई वर्ष भन्दा बढी अबधिसम्म वार्षिक साधारण सभा नगर्ने संस्थाहरु निष्कृय संस्थाहरुको सूचीमा समावेश गरिनेछ । यस्तो सूचीमा परेका संस्थाहरुको दर्ता खारेज गरिनेछ । संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नु पर्नेछ ।

**२२. दर्ता खारेजीको जानकारी गराउनेः** कार्यालयले सहकारी संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरुलाई दिनेछ ।

**२३. सहकारी संस्थाको कार्यक्षेत्र विस्तारः**

१) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

क. संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तार भएको दर्तावाला लेखापरिक्षकबाट प्रमाणित भएको,

ख. थप प्रस्ताव भएको कार्यक्षेत्रमा सेवा माग गरी संस्थाको सदस्यता माग भएको,

ग. संस्थाको थप प्रस्ताव भएको कार्यक्षेत्रमा प्रचलित सहकारी कानुनबमोजिम सदस्यता एवं व्यावसायिक सेवा विस्तार गर्ने सञ्चालक समितिको प्रतिवद्धता ।

घ. विनियम संशोधनको प्रक्रिया पुरा भएको ।

## २४.अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारी:

१) कार्यालयले वित्तीय कारोवार गर्ने संस्थाको अनुगमन गर्दा अनुसूची १ र वित्तीय कारोवार नगर्ने संस्थाको अनुगमन गर्दा अनुसूची २ मा उल्लेख भए बमोजिमको ढाँचाको फारम प्रयोग गर्नु पर्नेछ ।

२. कार्यालयबाट संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु संस्थाका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

३. अधिकार प्राप्त सहकारी संघहरुले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नु पर्नेछ । आफुले सम्पन्न गरेको अनुगमनको विवरणको एक प्रति तुलसीपुर उपमहानगरपालिका कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

४. अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले ७ दिन भित्र पेश गरीसक्नु पर्नेछ ।

५. संस्थामा गम्भीर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४ घण्टा भित्र लिखित रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

६. प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले ७ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्था, संघलाई लिखित जानकारी दिनु पर्नेछ । सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरुलाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानुनी उपचार र मापदण्ड बमोजिमका कारबाही अघि बढाउने काम प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुनेछ ।

७. नियमित रुपमा कार्ययोजना बनाई अनुगमनको कार्य सञ्चालन गर्नु पर्नेछ ।

## २५.कारवाही सम्बन्धी प्रावधानहरु:

तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछ:

क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोबार रोक्का गरिनेछ ।

घनश्याम पाण्डे
प्रमुख

ख) शेयर सदस्यहरुलाई नियमानुसार दिन सकिने लाभाँश बाहेक अन्य रकम वितरण गरी अस्वस्थ प्रतिस्पर्धा गरेको पाइएमा लाभाँश वाहेकको रकम सञ्चालक समितिका पदाधिकारीहरुबाट दामासाहिका दरले असुल उपर गरी संस्थाको कोषमा दाखिला गराइनेछ ।

ग) वार्षिक दुई करोड भन्दा कमको वार्षिक कारोबार गर्ने संस्थाको प्रमुख व्यवस्थापक/ प्रमुख कार्यकारी अधिकृत/कर्मचारी वाहेक अन्य सञ्चालकले सहकारी ऐन विपरित पारिश्रमिक लिएको पाइएमा सो रकम असुल उपर गरी संस्थाको कोषमा दाखिला गराइनेछ । तोकिए वमोजिमको समय भित्र रकम दाखिला नगरेमा संस्थाले साँवा र ब्याजसमेत असुल उपर गर्नेछ ।

घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा सञ्चालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असुल उपर गर्नु गराउनु पर्नेछ ।

ङ) प्रचलित कानुन र मापदण्ड पालना नगरेको पाइएमा संस्थाले प्राप्त गर्ने सुविधाहरु रोक्का गरिनेछ ।

च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैंक खाता रोक्का गर्ने, सार्वजनिक सुचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासँग कारोबार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारवाही गरिनेछ ।

छ) निक्षेप वापत संकलित रकम अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**२६.विज्ञापन मार्फत सदस्यता बिस्तार गर्नमा प्रतिवन्धः** संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्रि, बचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकुल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ । तर संस्थाको महत्वपूर्ण निर्णय, विषय र गतिबिधीका बारेमा सदस्यहरु तथा आम नागरीकलाई जानकारी गराउन सूचना तथा श्रव्य दृश्य प्रकाशन तथा प्रशारण गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन । सहकारी सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालनमा सहयोग र सहकार्य गर्न बाधा पर्ने छैन ।

**२७.कारोवार रोक्का राख्न सकिनेः** सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, प्रचलित कानुन, मापदण्ड, परिपत्र र निर्देशन पालना नगर्ने संस्था, संघको खाता र कारोबार रोक्का राख्न सकिनेछ ।

घनश्याम पाण्डे
प्रमुख

**२८.कारवाहीका लागि लेखी पठाइने:** देहायका कुनै कार्य वा कार्यहरुलाई सहकारी ऐन, नियम विपरित प्रकरणका रुपमा लिई सञ्चालक समितिका पदाधिकारीहरुलाई प्रचलित सहकारी कानुन बमोजिम कारवाही गरिनेछ ।

क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्य नै नबनाई कारोवार गरेमा ।

ख) कार्य क्षेत्र बाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

घ) बचत निक्षेपको रकम निजी व्यवसायमा लगानी गरेमा ।

ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी सञ्चालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।

च) सम्बन्धित निकायबाट इजाजत लिई मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिई सञ्चालन गरेमा ।

छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन र सुचना मार्फत सदस्य विस्तार वा कारोबार बढाउने काम गरेमा ।

ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

झ) अनाधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।

ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको सञ्चालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

## २९.आचारसंहिता सम्बन्धी व्यवस्था:

१) संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्थाको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागु गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम लागु भएको आचारसंहिता संस्थाका पदाधिकारी र सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

३) आचार संहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरुको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछ:

घनश्याम पाण्डे
प्रमुख

क) संस्थाका पदाधिकारीहरु अन्य कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन । एक भन्दा बढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्बन गरी तुलसीपुर उपमहानगरपालिकाको कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

ख) एक व्यक्ति उपमहानगर भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम आफ्नो संस्था प्रति प्रतिबद्ध रहनु पर्नेछ ।

## ३०.सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्थाः

१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।

२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरु बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न कार्यालयले निर्देशन गर्न सक्नेछ ।

४) संस्थाको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालयको निरीक्षण गर्न नगर कार्यपालिकाले कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

५) संस्थाको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ । कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ ।

## ३१.साइन बोर्ड राख्ने सम्बन्धी व्यवस्थाः

१) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साइन बोर्ड लेखी संस्थाको कार्यालयमा सवैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

२) सहकारीको साईन बोर्डमा एकरुपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साईन बोर्डको रङ्ग हल्का हरियोमा सेतो अक्षरले लेखिएको वा बिषयगत केन्द्रीय संघले तोकेबमोजिम हुनुपर्नेछ ।

**३२.सदस्य वडापत्र सम्बन्धी व्यवस्थाः** संस्थाको कार्यालयमा सबैले देखिने गरी सदस्य बडापत्र राख्नु पर्नेछ ।

## ३३.कारोबारको लेखा अध्यावधिक रुपमा राख्ने व्यवस्थाः

घनश्याम पाण्डे
प्रमुख

१) सहकारी संस्थाले आफ्नो सम्पूर्ण कारोबार तथा संस्थागत विवरण, सुचना र तथ्यांकहरु सहकारी तथा गरीबी सम्बन्धी व्यबस्थापन सूचना प्रणाली(COPOMIS) मा सहकारी कानूनले तोकेको समय सीमा भित्र अध्यावधिक गर्नु पर्नेछ ।

२) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोबारको विवरण सदस्यहरुको जानकारीको लागि संस्थाको कार्यालयमा राख्नुपर्नेछ ।

**३४.सूचना प्रशारण गरिने** : कुनै संस्थाका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून, यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरु विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरणसहित सञ्चालकलाई समय सीमा सहित काम कारवाही र कारोवार सच्याउन दिएको निर्देशन कार्यान्वयन नभएमा तुलसीपुर उपमहानगरपालिका सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले सोको सूचना संचार माध्यमबाट सम्बधित सब्रैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

**३५.सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्ने** : सहकारी संस्थाले अचल सम्पत्ति खरिद वा विक्रि गर्दा साधारणसभाको निर्णय, निर्धारित खरिद विक्रि प्रक्रिया, घटाघट वा बढावढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी नगर कार्यपालिका कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

**३६.संस्था सञ्चालनको क्रममा सहकारी सम्बन्धी अभिमुखीकरण तालिम लिनु पर्ने :**

१) वित्तीय कारोवार गर्ने सहकारी संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरुले यो मापदण्ड जारी भएको ६ (छ) महिनाभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ । सञ्चालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ६ महिना भित्र पालै पालो यस अघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालीम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ । संस्थाले यो व्यवस्थाको पालना अनिवार्य रुपमा गर्नु पर्नेछ ।

२) उपदाफा (१) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयले माग्न सक्नेछ । यस सम्बन्धमा कार्यालयले दिएको निर्देशनको पालना गर्नु सबै संस्थाको दायित्व हुनेछ ।

**३७.नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्ने :**

घनश्याम पाण्डे
प्रमुख

१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संस्थाले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विमा गरीएको भन्दा बढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै सञ्चालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

**३८.वचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु :**

क) वासलात वाहिरको कारोवारहरु (जस्तै प्रतितपत्र, जमानत आदि) ।

ख) सदस्यहरुलाई अधिविकर्ष कर्जा प्रवाह ।

ग) ब्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्रि तथा सञ्चालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी ।

घ) स्पष्ट कार्यविधि अनुसार गरीने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह ।

ङ ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह ।

च) चल्ती खाता सञ्चालन गर्ने र

छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधिको आवधिक निक्षेप स्वीकार गर्ने ।

ज ) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

झ) चिट्ठा तथा उपहार योजना संचालन ।

ञ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार ।

**३९.सम्पत्ति शुद्धिकरण ऐन नियमको कार्यान्वयन :**

१) वित्तिय कारोवार गर्ने सहकारीका संघ संस्थाहरुले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ मा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

२) वित्तीय कारोवार गर्ने संस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नुपर्नेछ ।

३) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोवार गर्ने सहकारी संस्था, संघ र बैंकले सञ्चालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्थाको कर्तव्य हुनेछ ।

## ४०.सहकारी मूल्य, मान्यता र सिद्धान्तहरुः

१. अन्तर्राष्ट्रिय सहकारी महासंले प्रतिपादन गरेको र विश्वव्यापी रुपमा प्रयोगमा ल्याइएका सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्नु सबै संस्थाका निर्वाचित तथा नियुक्त पदाधिकारीहरु एवं प्रत्येक सदस्यहरुको प्रमुख कर्तव्य हुनेछ । सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरुलाई जानकारी दिने गरी सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु सहकारीका जिम्मेवार पदाधिकारीहरुको जिम्मेवारी हुनेछ ।

२. सहकारी संस्थाका सञ्चालक समितिले प्रचलित सहकारी कानून र मापदण्डमा गरिएको व्यवस्थाहरुको पालनाका लागि मापदण्ड जारी भएपछि बस्ने साधारण सभामा विनियम संशोधनका लागि प्रस्ताव पेश गरी, पारित गराई कार्यान्वयन गराउनु पर्नेछ । साधारण सभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरु प्रचलित सहकारी कानून र मापदण्डसँग बाँझिएमा प्रचलित सहकारी कानून र मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ ।

## ४१.विनियम संशोधन वा पुनर्लेखन :

१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।

२) विनियम सशोधन वा विनियम पुर्नलेखन प्रस्ताव गर्नु पूर्व नगर कार्यपालिकाको कार्यालयबाट सैद्धान्तिक सहमति लिनुपर्नेछ । पूर्व सैद्धान्तिक सहमति नलिइ गरिएको विनियम संशोधन वा विनियम पुर्नलेखन प्रचलिन कानून उपमहानगरपालिकाले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम नभए प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

३) साधारण सभाबाट विनियम संशोधन वा निनियम पुनर्लेखन पारित गरी नगर कार्यपालिकाको कार्यालयमा स्वीकृतिका लागि पेश भएको तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले विनियम संशोधन वा विनियम पुनर्लेखन स्वीकृत गर्न सक्नेछ ।

### अनुसूची -१

**(दफा २३ (१) संग सम्बन्धित )**

**अनुगमन फाराम**

१) सहकारी संस्थाको नाम :-

२) दर्ता नं :- मिति :- दर्ता भएको कार्यालय:-

३) ठेगाना :-

४) शेयर पूँजी :- (प्रति शेयर रु:-

५) कार्यक्षेत्र :-

६) सञ्चालक समितिको सदस्य संख्या :

कार्यकाल: बर्ष (बैठक भत्ता रु:

७) कर्मचारी संख्या

(बजार प्रतिनिधि:- ) नियुक्ति दिए/ नदिएको :-

८) सफ्टवेयर :-

९) शेयर सदस्य संख्या :-

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष:- | महिला :- | संस्थागत:- |

१०) निक्षेपकर्ताहरुको संख्या

११) ऋणीहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष:- | महिला :- | संस्थागत:- |

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति:-

कुल सदस्य संख्या :

उपस्थित सदस्य संख्या :

पछिल्लो साधारण सभा भएको मिति:

निर्वाचन उपसमितिको चयन:-

साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृया:-

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमावलीहरु, नीतिहरु, कार्यविधिहरु:

घनश्याम पाण्डे
प्रमुख

१४) संस्थाले गठन गरेको उप समितिहरु

:..................................................................................................................................

१५) पछिल्लो साधारण सभाबाट पारित भएका मुख्य विषयहरु :-

..................................................................................................................................

..................................................................................................................................

१६.संस्थाको वर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित)

| शीर्षक | दर | शीर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको वर्तमान निक्षेपका प्रकारहरु -ब्याजदर सहित):-

| शीर्षक | दर | शीर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८) निम्न कारोबारहरु गरे नगरेको :- सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, घर, जग्गा किनबेच :

१९) ऐन नियममा तोकिए बमोजिमका सम्बन्धित कार्यालयमा पठाउने गरेको विवरणहरु:-

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे/नगरेको

२१) शेयर पुँजीको बढिमा १८ प्रतिशत लाभाँस वितरण गरे/नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे/नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ/छैन

२४) निकाय विशेष (सरकारी समेत) लाई शेयर बिक्रि भएको छ/छैन

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु:-

२६) संस्थाको निक्षेप र कर्जा बीचको औसत ब्याजदर अन्तर:-

घनश्याम पाण्डे
प्रमुख

२७) कर्जा तथा सापटमा पाकेको ब्याज नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने ब्याज Accural Basis मा लेखाँकन गरेको छ/छैन

२८) संस्थाको कुल पुँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ/छैन

२९) बचत तथा ऋण नीति तयार गरे/नगरेको

३०) सञ्चालक र लेखा समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालो सूचीमा नपरेका स्व-घोषणा आदि कागजात पेश गरे/नगरेको

३१) सञ्चालक समिति निर्वाचित भएको मितिले १५ दिनभित्र सञ्चालकहरुको फोटो र तीन पुस्ते सहितको २ प्रति विवरण पेश गरे/नगरेको:-

३२) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गरे नगरेको:-

३३) सदस्यहरुलाई कारोबारी, साधारण र संस्थापक भनि विभेद गरे/नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे/नगरेको:

३५) तोकिए बमोजिम कर्जा नोक्सानी व्यवस्था गरे/नगरेको:-

३६) सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे/नगरेको:

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने नियम पालना भए/नभएको:-

३८) विनिमयको परिधिको भित्र रही विभिन्न कोषहरुमा रकम बाँडफाँड गरेको छ/छैन:

३९) सञ्चालकहरुले संस्थाबाट उपभोग गरिरहेको वित्तीय तथा अन्य सुविधाहरु:

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्याङ्कन लगायत अन्य प्रकृयाहरु:-

४१) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मुल कैफियतहरु:-

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिईएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परिवर्तन भएको सुचना सदस्यहरुलाई कसरी दिईन्छ

४४) संस्थाको प्रचलित विनियम बमोजिम सञ्चालक समितिको बैठक बस्ने गरे/नगरेको ?



घनश्याम पाण्डे
प्रमुख

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिको उद्देश्य अनुसार उपयोग गर्ने गरे/नगरेको ?

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रीका लागि विज्ञापन गर्ने गरे/नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थल बीमा गरे/नगरेको -गरेको भए, बीमा रकम र म्याद):-

४८) नगदको विवरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको नगदको जिम्मेवारी बाँडफाँड गरे/नगरेको, ढुकुटीबाट कारोबारका लागि नगद झिक्दा/राख्दा सो को विवरण गरे/नगरेको, ढुकुटीको साँचोको जिम्मेवारी क्यासियर र व्यवस्थापकले लिने गरे/नगरेको

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरुसँग शेयर, निक्षेप र कर्जा/सापटी कारोबार गरेको भए त्यसको विवरण:-

५०) संस्थाका वर्तमान सञ्चालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा वित्तीय संस्थाको सञ्चालक पदमा समेत बहाल भएको भए त्यसको विवरण:-

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरुसँग संकलन भएको हो भनी

सही गर्ने आधिकारिक व्यक्तिको नाम:

हस्ताक्षर :

पद:

निरीक्षण टोलीको नाम पद हस्ताक्षर

१)

२)

३)

४)

५)

मिति :

घनश्याम पाण्डे
प्रमुख

## अनुसूची-२

(दफा २३ (१) सँग सम्बन्धित)

### अनुगमन फाराम

१) (क) सहकारी संस्थाको नाम :-

(ख) दर्ता नं. :- (ग) कार्य क्षेत्र :-

(घ) पान नं. :-

(ङ) दर्ता मिति :- (च) दर्ता भएको कार्यालय:-

(छ) चुक्ता शेयर :-रु. (ज) प्रति शेयर:- रु.

(झ) सदस्य संख्या :- महिला: पुरुष: जम्मा:

(ञ) बैंक खाता नं. र बैंकको नाम :-

(ट) संचालक :- महिला: पुरुष: जम्मा:

(ठ) निर्वाचन मिति : पदावधि:

(ड) पछिल्लो पटक साधारण सभा भएको मिति:

(ढ) अघिल्लो निरीक्षण मिति:

(ण) हालको निरीक्षण मिति:

(त) ले.प. भएको अन्तिम आ.व.

(थ) सम्पर्क फोन :

(द) शेयर दर्ता रजिष्टर राखेको/नराखेको

(ध) गैह्र सदस्यसंग कारोबार गरेको भए संख्या :

(न) स्वीकृत कार्य क्षेत्र बाहिर कारोबार गरेको भए कहाँ :

(प) आ.ले.प. गरे/नगरेको

(फ) शेयर प्रमाणपत्र वितरण गरेको छ/छैन

घनश्याम पाण्डे
प्रमुख

२) संस्थाको

(क) जग्गा वि.: (ख) गोदाम क्षमता: (ग) लागत रकम :

३) (क) असुली गर्नुपर्ने वेरुजु/ हिनामिना रकम रु.

(ख) हिनामिना/बाँकी वक्यौता असुली भएको रकम :

४) लाभांस वितरण गरे/नगरेको

५) ले.प प्रतिवेदन कार्यालयमा पठाएको/नपठाएको :

६) मासिक प्रगति पठाए/नपठाएको :

७) कार्यक्रम बजेट पास भएको छ/छैन

८) सञ्चालक समितिको बैठक कति अवधिमा बस्ने गरेको छ ?

९) औषत उपस्थिति :

१०) लेखा समितिको बैठक बस्ने गरेको छ/छैन

११) सञ्चालक समितिको निर्णय नियम संगत छ/छैन

१२) निरीक्षण मिति सम्म खाता पोष्टिङ छ/छैन

१३) नभए कहिले सम्मको छ :

१४) नगद मौज्दात रु .........................

१५) बैंक मोज्दात रु.........................

१६) खुद मुनाफा/नोक्सान रु............

१७) कर्मचारी बाहेक पदाधिकारीहरुले पारिश्रमिक वापत मासिक रुपमा लिएको भए : रु.

१८) अध्यक्षको नाम :

१९) लेखा समिति संयोजकको नाम :

२०) कर्मचारीको संख्या

महिला : पुरुष : जम्मा :

घनश्याम पाण्डे
प्रमुख

२१) संस्थाको कारोवार :

| विवरण | गत महिना सम्मको रकम | यस महिनाको रकम | जम्मा रकम |
|---|---|---|---|
| शेयर पूँजी | | | |
| बचत | | | |
| ऋण लगानी | | | |
| पाउन बाँकी | | | |
| दिन बाँकी | | | |
| कुल आम्दानी | | | |
| कुल खर्च | | | |

(२२) अघिल्लो निरीक्षणमा दिइएको सुझाव कार्यान्वयन नभएको भए कुन-कुन ?

(२३) निरीक्षणकर्ताले दिएको सुझावहरु :

प्रतिवेदन बुझिलिनेको सहि : निरीक्षकको दस्तखतः

नामः

पदः मितिः

संस्थाको छाँपः

घनश्याम पाण्डे
प्रमुख

## अनुसूची-३

(दफा २ (५), २(६) संग सम्बन्धित

……………………सहकारी संस्था लिमिटेड, तुलसीपुर उपमहानगरपालिका, वडा नं ……..दाङ ।

प.सं :- मिति :-

च.नं :- संस्था दर्ता नं :-

श्री तुलसीपुर उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सहकारी तथा रोजगार प्रवर्द्धन शाखा

तुलसीपुर, दाङ ।

विषयः-…………………………मासिक/चौमासिक/बार्षिक प्रगती विवरण पठाएको बारे ।

यस संस्थाको मिति २०७………………महिना सम्मको मासिक कारोबारको विवरण देहाय बमोजिम पेश गरेको छु ।

| दायित्व हिसाव | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | गत महिना सम्म | यस महिना | जम्मा | कैफियत |
| १ | शेयर पूँजी बाँकी (१०) | | | | |
| २ | कोष हिसाव (२०) | | | | |
| | जगेडा कोष | | | | |
| | कर्जा जोखिम कोष | | | | |
| | अन्य कोष | | | | |
| ३ | बचत बाँकी (३०) | | | | |
| ४ | बाँकी ऋण हिसाव (४०) | | | | |
| ५ | भुक्तानी दिनुपर्ने बाँकी (७०) | | | | |
| ६ | अन्य भुक्तानी दिनुपर्ने बाँकी (७०) | | | | |
| कुल दायित्व (हि.नं १०-७०) | | | | | |



घनश्याम पाण्डे
प्रमुख

| सम्पत्ति हिसाव | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | गत महिना सम्म | यस महिना | जम्मा | कैफियत |
| ७ | नगद हिसाव (८०) | | | | |
| ८ | बैंक हिसाव (९०) | | | | |
| ९ | लगानी हिसाव (१००) | | | | |
| १० | ऋण लगानी हिसाव( ११०) | | | | |
| ११ | पाउनुपर्ने हिसाव (१२०) | | | | |
| १२ | स्थिर सम्पत्ति हिसाव ( १३०) | | | | |
| १३ | अन्य सम्पत्ति हिसाव ( १४०) | | | | |
| १४ | अन्तिम मालशेष | | | | |
| कूल सम्पत्ति (हि.नं ८० देखि १४० र अन्तिम मालशेषको जोड) | | | | | |

| आम्दानी र खर्च हिसाव | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | गत महिना सम्म | यस महिना | जम्मा | कैफियत |
| १५ | सामान खरिद तथा खर्च हिसाव (१५०) | | | | |
| | सामान खरिद | | | | |
| | ढुवानी ज्याला खर्च | | | | |
| | कर्मचारी तलब तथा भत्ता खर्च | | | | |
| | घर गोदाम भाडा खर्च | | | | |
| | मसलन्द खर्च | | | | |
| | मर्मत खर्च | | | | |
| | बचतमा व्याज खर्च | | | | |
| | विविध खर्च | | | | |
| | ह्रास खर्च | | | | |

घनश्याम पाण्डे
प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | इन्धन खर्च | | | | |
| | बैठक भत्ता खर्च | | | | |
| | हर्जना खर्च | | | | |
| | व्यापारिक छुट खर्च | | | | |
| | भ्रमण खर्च | | | | |
| | तालिम खर्च | | | | |
| | कर्जाको लागि जोखिम व्यवस्था | | | | |
| | एक बर्ष सम्म भाखा नाघेको | | | | |
| | एक बर्ष भन्दा बढी भाखा नाघेको | | | | |
| | खराव ऋण अपलेखन खर्च | | | | |
| | ऋणमा व्याज खर्च | | | | |
| | साधारण सभा खर्च | | | | |
| | …………कार्यक्रम खर्च | | | | |
| | ……………..खर्च | | | | |
| १६ | सामान विक्रि तथा आम्दानी हिसाव (१६०) | | | | |
| | सामान विक्रि | | | | |
| | ऋणबाट प्राप्त व्याज | | | | |
| | लगानीबाट प्राप्त व्याज | | | | |
| | विविध आम्दानी | | | | |
| | व्यापारिक छुट प्राप्त | | | | |
| | प्रशासनिक अनुदान प्राप्त | | | | |
| | ………………आम्दानी | | | | |
| १७ | खुद नाफा/नोक्सान हिसाव (१६०-१५०) | | | | |
| १८ | शेयर सदस्य संख्या | | | | |
| १९ | महिला | | | | |
| २० | पुरुष | | | | |
| २१ | संस्थागत | | | | |
| २२ | कर्मचारी संख्या | | | | |
| २३ | महिला | | | | |
| २४ | पुरुष | | | | |

घनश्याम पाण्डे
प्रमुख